जग्गा तथा घर चाहिएमा
काठमाडौंमा सुविधायुक्त प्लटिङ गरिएको आकर्षक घडेरी तथा भूकम्प प्रतिरोधी घर सुपथ मूल्यमा चाहिएमा सम्पर्क राख्नुहोस् ।
**फोर एस हाउजिङ एण्ड कन्स्ट्रक्शन कम्पनी प्रा.लि.**
बुढानिलकण्ठ, काठमाडौं
मो. ९८५१२-३८१०४
फोन ०१-४६५०४०६

# धनकुटा
Dhankuta weekly
अठारौं वार्षिकोत्सव
साप्ताहिक

घरनक्सा बनाउन हामीलाई सम्झनुहोस्
दक्ष इञ्जिनियरहरुद्वारा आकर्षक डिजाईनका घरनक्सा बनाउन, स्टीमेट गर्न परेमा सम्पर्क गर्नु होला ।
प्रवन्ध निर्देशक: **गीता राई**
**ड्रिमहोम इञ्जिनियरिङ कन्सल्टेन्सी**
चन्द्रागिरी नगरपालिका-१७
सतुंगल, काठमाडौं
मो. ९७५१०-०६६६६

वर्ष-१८ ● अङ्क-४ ● नेपाल सम्बत् ११३७, २०७३, मंसिर २७ गते सोमबार ● 12 Dec. 2016 ● www.dhankuta.com ● पृष्ठ सङ्ख्या ६ ● मूल्य रु. ८/-

## कर्मचारी सञ्जालले काम गर्न समस्या : राज्यमन्त्री




धनकुटा । स्वास्थ्य राज्यमन्त्री तारामान गुरूङले स्वास्थ्य मन्त्रालयमा कर्मचारीको सन्जालको कारण काम गर्न अप्ठयारो रहेको बताए । नेपाली कांग्रेसले लामोसमय स्वास्थ्य मन्त्रालयको नेतृत्व गरेन । त्यहाँ पार्टीगत कर्मचारी सञ्जाल बलियो हुनाले जनहितमा निर्णय गर्न समस्या पर्ने राज्यमन्त्री गुरूङले बताए ।

हामी कांग्रेसको नीतिअनुसार काम गर्न खोज्छौ । तर कर्मचारी नेटवर्कले काम गर्दैनन् । त्यहाँ धम्क्याएर भन्दा पनि फकाएर काम

........................बाँकी ५ पेजमा

## गणतन्त्र आएपछि झन भ्रष्टाचारमा दोब्बर बृद्धि

धनकुटा । देशमा गणतन्त्र आएपछिको दशकको अन्तरालमा भ्रष्टाचार झन करिव दोब्बरले बढेको जानकारी दिए । सो जानकारी भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले जानकारी दिएको छ । धनकुटामा आयोजित एक अन्तर्क्रिया कार्यक्रममा कार्यालयले उक्त जानकारी दिएको हो ।

कार्यक्रममा तथ्यांक प्रस्तुत गर्दै कार्यालयका प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले विश्वका १ सय ७५ देशहरूमा गरिएको अनुसन्धानमा सन् २००४ मा ९० स्थानमा रहेको नेपाल २०१५ सम्ममा १ सय ३० स्थानमा पुगेको जानकारी दिए । कार्यक्रममा कार्यालयका प्रमुख पुरूषोत्तम ढकालले १६ जिल्लामा ३ हजार ८ सय ९५ उजुरी परेकोमा हालसम्म ८५ प्रतिशत छानविन भईसकेको जानकारी दिए । सो कार्यक्रमको अवसरमा अख्तियार दुरूपयोग सम्बन्धमा यस अघि कार्यालयले आयोजना गरेको अन्तरमाविस्तरीय निबन्ध प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने छात्रछात्राहरूलाई पुरस्कृत गरिएको थियो ।

पुरस्कृत हुनेहरूमा गोकुण्डेश्वर उच्च माविका युवराज पौडेल प्रथम, दोस्रो हुने दीप बोडिङ्ग स्कुलका दिक्षा चापागाईं र तेस्रो हुने तमोर भ्याली बोडिङ्ग स्कुलका मुकेश कोईराला छन् । पुरस्कृत हुनेहरूलाई क्रमशः नगद चार हजार, तीन हजार र दुई हजार सहित प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा क्षेत्रीय प्रशासक राजेश्वरमान सिंह, प्रमुख जिल्ला अधिकारी प्रेमप्रकाश उप्रेती, स्थानीय विकास अधिकारी पर्वप्रसाद

........................बाँकी ५ पेजमा

# व्यापक गाँजा फडानी



गाँजा खेती फडानी गर्दै प्रहरी उपरीक्षक सुदिप राजभण्डारी र प्रहरी जवानहरु ।

**सन्तवीर लामा**

धनकुटा । स्थानीय प्रशासन र प्रहरीले जिल्लाको विभिन्न गाविसमा अवैध रूपमा लगाईएका गाँजा खेती फडानी अभियान थालेका छन् । प्रशासनले गाँजा खेतीलाई निरूत्साहित गर्न फँडानी गर्न थालेको वर्षौ बित्दा पनि गाँजा खेतीलाई पूर्ण रूपमा नियन्त्रण गर्न सकेको छैन ।

प्रहरीले हरेक वर्ष विभिन्न गाउँमा हजारौ रोपनी जग्गामा लगाईएको गाँजा खेती फँडानी गरेर आगो लगाएर नष्ट गर्छ । तर, कानुनी रूपमा प्रतिवन्धित गाँजा खेती गर्ने एक जनालाई पनि प्रहरीले पक्राउ गरेर कानुनी कार्वाही नगरेको कारण गाँजा खेती गर्नेको संख्या नघटेको पुष्टी हुन्छ । अझ प्रहरी प्रशासन पुग्न नसक्ने विकट, दुरदराजका गाउँवस्तीमा झन व्यवस्थित् तरिकाले स्थानीयले

........................बाँकी ५ पेजमा

## जनचाहनाविपरित चल्यो सरकार




धनकुटा । वर्तमान सरकार देशमा अशान्ति फैलाउन अग्रसर रहेको बताउँदै सरकार जनताको चाहनाविपरित चलेको आरोप लगाएका छन् । सो कुरा नेपाली कांग्रेसका नेता शोभाकर पराजुलीले प्रेस युनियनले आयोजना गरेको पत्रकार सम्मेलनमा बताएका हुन् ।

सरकार संविधान संशोधन गर्ने नाममा प्रदेश नं. ५ को सिमाना हरेफेर गर्ने प्रस्ताव स्थानीय जन चाहनाविपरित भएको उनले बताए । सरकारले बलजफ्ती संविधान संशोधन गर्न खोजेर द्वन्द्व निम्ताएको बताए । कांग्रेसमा गुट उपगुट मौलाएको प्रति चिन्ता ब्यक्त गर्दै नेता पराजुलीले त्यसलाई अन्त्य गरी सुदृढ र सशक्त रूपमा पार्टीलाई अघि बढाउँन कांग्रेसीहरूनै

........................बाँकी ५ पेजमा

## कांग्रेस नेता तामाङको निधन



धनकुटा । धनकुटा कांग्रेसका नेता तथा हिलेका समाजसेवी रघुवीर तामाङको पार्थिक शरीर लाई पार्टीको चारतारे झण्डा ओढाएर हिले स्थित टिम्बुरे डाँडामा अन्त्येष्ठी गरिएको छ । नेता तथा समाजसेवी तामाङको पार्थिव शरीर मा धनकुटा कांग्रेसका सचिव विजय सन्तोषी राई, कोषाध्यक्ष दिनेश राई, क्षेत्र नं. २ का क्षेत्रीय सभापति इन्दिरा थापा, सदस्य बुद्ध तितुङ, रूकमान तमाङ, लालचन्द्र गोङ्वा, वडा नं. १ हिलेका सभापति शमसेर गोङ्वाले संयुक्त रूपमा चारतारे झण्डा ओढाई सम्मान गर्दै अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए ।

यसैगरी स्व. तामाङको पार्थिव शरीरमा नेपाल तामाङ घेदुङको झण्डा केन्द्रिय सदस्य लालचन्द्र

........................बाँकी ५ पेजमा

# योमरी पुन्हीको ऐतिहासिक कथा



योमरी पुन्ही वा योमरी पूर्णिमा हेमन्त ऋतुको पहिलो पूर्णिमा अर्थात धान्य पूर्णिमाको दिनमा नेवार जातिले मनाउने पर्व हो । यो पर्वको अवसरमा ज्यापु समुदाय ज्यापु दिवसका रूपमा समेत मनाउने गर्दछन । यो दिन विशेष प्रकारको परिकार (योमरी)बनाएर खाने गर्दछन ।

नेवार समुदायमा नयाँ बालीका रूपमा धान भित्र्याएपछि विभिन्न देवी देवतालाई योमरी बनाएर पूजा गरी यो पर्व मनाउने गरिन्छ । नयाँ धान कुटी पिसेको पिठोबाट रोटी बनाई चाकु, खुवा, मास, अदुवा, तिल लगायतका विभिन्न मसला राखी त्रिकोण आकारको वा लाम्चो आकारको बनाई बाफले पकाएर योमरी तयार गरिन्छ ।

योमरीले जाडोमा शरीरमा आवश्यक ताप र उर्जा दिने र चिसोबाट लाग्ने रोग निको हुने भएकाले स्वास्थ्यका लागि निकै फाईदाजनक मानिन्छ ।

यसरी पूजा गरे कृषि उत्पादनमा वृद्धि हुने र अन्नको अभाव नहुने विश्वास छ । तिहारमा देउसी र भैलो खेल जस्तै टोलभर गाउँदै योमरी माग्ने चलन नेवारी समुदायहरूमा छ । सोही परम्पराअनुसार नेवारी गीत गाउँदै बच्चादेखि बूढापाकासम्म सहभागी भई यमोरी पूर्णिमाको दिनभर योमरी मागिन्छ । इष्टमित्र, साथिभाई, पाहुनालाई बाँडीचुडी खाने र खुवाउने परम्परा रहेको यो पर्वलाई माया, प्रेम, दया र करूणा आदान प्रदानको रूपमा पनि लिने गरिएको छ । नेपाल भाषामा 'यो' भनेको मनपर्ने र 'मरी' भनेको रोटी र मिठाइ हो । सबैलाई मनपर्ने भएकाले नै यसको नाम योमरी राखिएको संस्कृतिविद्हरूको भनाई छ ।

यसरी बनाइएको योमरीलाई धानका भकारीलगायतमा चढाउने गरिन्छ । यसरी चढाएको योमरी चारदिनपछिमात्र प्रसादका रूपमा बाँडेर खाने चलन रहेको छ ।

नेवार समुदायममा आफैंले उत्पादन गरेको अन्न ढुकुटी पुजा गरेर मात्र खाने चलन अनुसार यो पुन्ही मनाइन्छ । नेवारी समुदायको पहिलो मिठाई वा रोटी योमरी हो । आजका दिन दान गर्नाले धर्म हुने विश्वास का साथ नेपारी गीत गाउँदै नाच्दै योमरी माग्न आउने

........................बाँकी ५ पेजमा

## जग्गा विवादले आत्मारा स्थित औद्योगिक ग्राम निर्माण अन्यौलमा

धनकुटा । सरोकारवाला कार्यालयको जग्गा विवादका कारण बनाउन लागिएको औद्योगिक ग्राम अन्योलमा परेको छ । धनकुटा नगरपालिका वडा नं. ३ आत्मारामा स्थित औद्योगिक क्षेत्र व्यवस्थापन कम्पनी लि.को स्वामित्वमा रहेको ६४ रोपनी खाली जग्गामा औद्योगिक ग्राम बनाउने प्रस्ताव गरिएपनि जग्गाको स्वामित्व हस्तान्तरण नहुँदा अन्योल बढेको हो ।

सो स्थानमा औद्योगिक ग्राम स्थापना गर्न औद्योगिक क्षेत्र व्यवस्थापन कम्पनीको स्वामित्वमा रहेको जग्गा घरेलु उद्योगको स्वामित्वमा आउनुपर्ने हुन्छ । तर, हालसम्म स्वामित्व हस्तान्तरण हुन नसकेको घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालयले जनाएको छ ।

गत वर्षको बजेटमा एक निर्वाचन क्षेत्र 'एक औद्योगिक ग्राम'को नीति पारित भएपछि धनकुटाका लागि चालु आवका लागि तीन करोड रूपैयाँ बजेट स्वीकृत भएको थियो । सो स्वीकृत बजेटअन्तर्गत पहिलो चौमासिकमा निकासा भएको एक करोड रूपैयाँको कुनै पनि काम यहि कारणले अझैपनि अघि बढ्न सकेको छैन । यस विषयमा घरेलु विकास महासंघका अध्यक्ष विजयसन्तोषी राईले भने सरकार ले नै पहल गरेर वाधाअड्चन हटाउनुपर्ने धारणा राख्छन् ।

**विश्रान्ती प्रकाशनद्वारा प्रकाशित**
**कानुनी सल्लाहकार** : आनन्द सन्तोषी राई
**सल्लाहकार** : लीलाबल्लभ घिमिरे
**प्रकाशक एवम् सम्पादक** : राजेश्वरबहादुर श्रेष्ठ
**प्रबन्ध सम्पादक** : विजय सन्तोषी राई
**समाचार सम्पादक** : खगेन्द्रप्रसाद घिमिरे
**कार्यकारी सम्पादक** : हरिबहादुर लम्जेल
**उप सम्पादक** : विनोद घिमिरे
**सहायक सम्पादक** : हरिप्रसाद भण्डारी
**कार्यालय** : धनपा- ६, वीचबजार, धनकुटा
**इमेल**:newsdhankuta@gmail.com / dktweekly@yahoo
**फोन** : ९८५२०६१६११/ काठमाडौं सम्पर्क: ९८४१५१६८६४
**मुद्रण** : जनविश्वास अफसेट प्रेस, धनकुटा ।

## सम्पादकीय

### जातीय सद्भाव कायम राखौं

पहिलेपनि संविधानसभाबाट संविधान जारी गर्ने अन्तिम समयमा देशमा विभिन्न जातीय संस्था, भाषिक संस्था तथा धार्मिक संघसंगठनहरुले आफुले चाहेअनुसारको संविधान जारी गर्न बन्दहडताल गरेका थिए। यदि आफुहरुले भनेअनुसारका संविधान जारी नभए देशमा रगतको खोलो बग्ने चेतावनीसमेत उनीहरुले दिएका थिए। विशेष गरेर त्यस समयमा पनि प्रदेशको सीमांकन, नामांकन र धर्म नै प्रमुख मुद्धाका रुपमा उठाईएका थिए। यहि विवादहरुका कारण नै त्यससमय संविधानसभाबाट सर्वोच्च अदालतले तोकेको अन्तिम समयसीमाभित्र संविधान जारी नगरी विघटन गर्न तत्कालीन सरकार वाध्य भएका थिए।

अहिले बल्लतल्ल संविधान जारी भएको छ। अहिले कार्यान्वयन गर्ने समयमा फेरी पुरानै घटनाहरु दोहोरिएको अवस्था छ। सीमांकनको विषयमा शुरु भएको आन्दोलन रोकिनेभन्दा पनि झन झन समस्या बन्दैछ। पूर्वमा लिम्बूवानबाट शुरु आन्दोलन अहिले ५ नं. प्रदेशमा सीमांकनको विषयमा झन झन बढ्दैछ। यसले फेरी जातीय सद्भाव भड्कने स्थिति आउने सम्भावना बढ्दै गएको छ। संविधान सशोंधन प्रस्तावविरुद्ध प्रतिपक्षी दलका मात्र नभई सत्तापक्षकै सभासद् पनि भड्काउने खालको भाषण गर्दै हिडेका छन्।

अहिले जातीय द्वन्द्व फैलाउन सक्ने जो सुकैलाई पनि समयमा नै नियन्त्रण गर्न सकिएन भने बुद्ध जन्मेको हाम्रो देश पनि सुडान, नाईजेरिया, रुवाण्डा जस्तो जातीय हिंसात्मक युद्ध नहोला भन्न सकिन्न। यसका लागि सबै चेतनशील वर्ग, राजनीतिक दलका नेता तथा कार्यकर्ता, नागरिक समाज, पत्रकार, शिक्षक विद्यार्थी, कर्मचारी, प्रहरी प्रशासन सबै जना संयमित हुन आवश्यक छ। अहिले जातीय तथा धार्मिक द्वन्द्व बढाउन सामाजिक सञ्जाल फेसबुकले पनि सहयोग गर्नसक्ने भएकाले जिल्लास्थित प्रशासनले अनुगमन गर्न जरुरी छ। नत्र पछि पछुताउनुको विकल्प रहने छैन।

# नेहरुले वीपीलाई गिरफ्तार गर्छु भनेका थिए


राजेश गौतम

यो वर्ष नेपाली कांग्रेस स्थापनाको सत्तरी वर्ष पूरा हुँदैछ। गान्धीवादी आदर्शबाट प्रेरित भई ००३ सालमा स्थापना भएको उक्त पार्टी नेपाली राजनीतिक सात दशकका सबै उतारचढावहरूको मूल शक्ति र साक्षी हो। तर संगठन, सिद्धान्त र व्यवहारका कसीले कांग्रेसको आन्तरिक जीवन मा कहिले सबलताको उज्यालो छरियो त कहिले त्यत्तिकै दुर्बलताको अन्धकार। खासमा के थियो र अहिले के हो कांग्रेस ? नेपालखबर को बहस(शृंखला:

आज नेपाली कांग्रेस इतिहास बेचेर खाइरहेछ– बिपी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई जस्ता नेता। र ०७ सालको क्रान्ति अनि २०४६ को आन्दोलनलाई ऊ 'क्यास' गर्छ। तर कांग्रेसमा पछिल्लो समय सिद्धान्तभन्दा सत्ताको खेल केन्द्रमा छ। हिजोको सिद्धान्त आज छैन। गणतन्त्रमा प्रवेश गरेर कांग्रेसले बाटो पनि बिराएको छ। बिराएको बाटोबाट कांग्रेस फेरि सही बाटोमा फर्कन्छ–फर्कन्न, त्यो त हेर्नु नै छ। तर कांग्रेसको इतिहास आफैमा विवेचनायोग्य भने छ।

नेपालमा सुरूमा धर्मका आधार मा राणाशासनको विरोध गरियो। सामाजिक चलन र कुरीति परिवर्तन गर्ने आवाज उठे। १०४ वर्षको अवधिमा पनि राणाहरु सबैलाई स्वीकार्य थिएनन्, विरोधका स्वर धार्मिक र सामाजिक रूपमा उठेका थिए। राजनीतिक विरोध भने पछि मात्रै निस्क्यो। भारतमा अध्ययन गर्न जाने विद्यार्थीले अङ्ग्रेजविरूद्धका आवाज र सङ्घर्षबाट अनुभव लिएर नेपालमा पनि सत्ताको राजनीतिक विरोध गर्न थालेका हुन्। भीमशमशेर को समयमा स्थापना भएको प्रचण्ड गोरखा त्यस्तो संगठन थियो, जसका संस्थापक खण्डमान सिंह, खड्ग बहादुर, मैनाबहादुर र उमेश विक्रम शाहले पहिलोपटक राजनीतिक मागसहित राणा हटाउनुपर्छ भन्ने उद्देश्य राखेका थिए।

राजीनितिक चेतना फैलाउने क्रम प्रचण्ड गोरखाबाट सुरू भयो र १९९२ सालमा स्थापित नेपाल प्रजापरिषदले पर्चा छरेर आन्दोलन गर्‍यो। तर यी दुवै संगठनमा संलग्न सबै व्यक्ति गिरफ्तार भए। मारिने धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, शुक्र राज शास्त्री प्रजा परिषद्कै सदस्य हुन्। १९९७ सालको सहिद काण्ड र त्यसबेला बाँचेका टंकप्रसाद आचार्य र गणेशमान सिंहबाट प्रभावितहरु नै नेपाली कांग्रेसका संस्थापक सदस्य हुन्। कांग्रेसमा प्रजापरिषदबाट प्रभावितहरु, भारतमा बसेर अध्ययन गरिरहेका नेपाली, जयतु संस्कृतम् आन्दोलनबाट निकालिएका हरु संगठित भएको देखिन्छ। त्यही बेला राणा शासनको अन्त गर्नुपर्छ भनेर बीपीले एउटा आह्वान गरे र अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस स्थापना भयो। पछि त्यसैको नाम नेपाली राष्ट्रिय कांग्रेस राखिएको हो। आन्दोलनकै कारण पद्मशमशेर २००४ सालमा अन्तरिम संविधान, वैधानिक कानुन दिन बाध्य भए।

बीपीले अहिंसात्मक आन्दोलन लाई महत्त्व दिएको बेलामा सशस्त्र आन्दोलन बिना राणा शासन हटाउन सकिँदैन भनेर सुवर्ण शमशेरहरूले नेपाल प्रजातन्त्र कांग्रेस गठन गरी हतियार संकलन गरि सकेका थिए। बिपी समूहभन्दा प्रजातन्त्र कांग्रेस हतियार र सेना निर्माणमा निकै अघि बढेको थियो। यसपछि भारतीय नेताहरूको भूमिकामा दुई कांग्रेस मिलेर नेपाली कांग्रेस स्थापना भयो। अनि कांग्रेसको आन्दोलनमा धेरै सहभागी भए र सात साल फागनु ७ मा हामीले प्रजातन्त्र प्राप्त गर्‍यौं।

वास्तवमा सात सालको क्रान्तिमा भारतको सहयोग थियो। प्रत्यक्ष रूपमा भारतीय जनता र अप्रत्यक्ष रूपमा भारतीय सरकार आन्दोलनको पक्षमा थियो। प्रधानमन्त्रीका रूपमा जवाहरलाल नेहरूले आन्दोलनको आलोचना गरेका थिए। उनले 'म हतियारको चलखेल गर्न दिन्नँ, बिपीलाई पनि गिरफ्तार गर्छु' समेत भनेका थिए। व्यक्तिगत रूपमा भने उनले नेपालको आन्दोलनलाई सघाइरहेका थिए। यसबाट के प्रष्ट हुन्छ भने हिजो ब्रिटिसले भारतमा शासन गर्दा नेपालको राजनीतिलाई जसरी आफ्नो प्रभावमा राख्न खोजेका थिए, त्यसरी नै स्वतन्त्र भारतका नेताहरूले पनि नेपाललाई आफ्नै प्रभावमा राख्ने योजना बनाएका थिए र यसका मुख्य हर्ताकर्ता नेहरु नै थिए।

नेहरूले सात सालको परिवर्तन पछि नेपाल अर्कोतिर नलागोस् र आफ्नो पकडमा रहिरहोस् भन्ने दृष्टिकोण बनाएका हुन सक्छन्। राजा त्रिभुवनले शरण लिइसकेका थिए। राजा र बिपीबीच भेटघाट नै हुँदैनथ्यो, भेट गर्नै दिँदैनथे। त्यतिखेरका मिलिटरी कमान्डर मातृकाप्रसाद कोइराला र नेहरूबीच चाहिँ भेट भइरहन्थ्यो। त्रिभुवन र नेहरुबीच कुराकानी हुन्थ्यो। उनीहरूको कुराकानी नेहरूले मातृका र विपीलाई भन्दैनथे। यसरी कांग्रेसको नाममा वार्ताहरूमा मातृका अगाडि थिए। भारतबाट प्रधानमन्त्री नेहरु भइहाले, यता राणाबाट चाहिँ विजय शमशेर थिए, राजा त राजा भइहाले। भनिन्छ– बिपीले विजय शमशेरलाई त्यसबेला सम्झौता दिल्लीमा नगरौं भनेका थिए। हामीले नेपालमै गरौं भन्दा यी बुढाहरु मान्दै मान्दैनन् भनेर विजय शमशेरले बिपीलाई भनेका थिए भन्ने कुरा धेरै किताबमा पढ्न पाइन्छ। यो सम्झौतापछि वीपी एक्लिए। सम्झौता मातृका, त्रिभुवन र राणा बीच भयो, अझ भन्दा राजा र राणा बीच भएको सम्झौतामा सबै हस्ताक्षर गर्न बाध्य भए। यसको प्रमुख भूमिका नेहरूले नै वहन गरे। त्यसैले के भनिन्छ भने २००७ सालको क्रान्ति नेपालमा भयो तर यसको टुङ्गो चाहिँ भारतमा लगाइयो।

यो परिवर्तनपछि नेपाली जनताले अधिकार पाए। राजाले पनि आफ्नो अधिकार फिर्ता लगे। यो परिवर्तनको पछाडि प्रचण्ड गोरखा र प्रजा परिषद्को भूमिका नभएको होइन तर निर्णायक चाहिँ नेपाली कांग्रेस नै बन्यो। तथापि २००७ को परिवर्तनको श्रेय कांग्रेस लाई मात्र नदिएर त्योभन्दा अगाडिका अन्य दल, सामाजिक, धार्मिक समूह र संस्थाले खेलेको भूमिकालाई पनि महत्त्व दिनुपर्छ। यो परिवर्तन पछि प्रशासनिक क्षेत्रमा एउटा कुरा खट्क्यो। राणहरु प्रशासनमा खप्पिस थिए। तर परिवर्तनपछि आएका जनताका प्रतिनिधिहरु त्यसबाट टाढा थिए। उनीहरूमा जोश थियो, विकास गर्नुपर्छ भन्ने भावना थियो तर प्रशासन कसरी चलाउनु पर्छ भन्ने अनुभव थिएन। त्यसैले राणा र उनीहरूबीच द्वन्द्व सुरू भयो। यसको परिणाम सरकारै परिवर्तन हुन थाल्यो। काङ्ग्रेसभित्रको विवाद पनि बढ्यो। हुन त पार्टी स्थापनाकाल देखि नै दुईटा गुट थियो। मातृका र बिपी दुवैले आफ्ना नजिकका मान्छे तान्थे। सात सालअघि बाहिर देखा नपरेको गुटबन्दी यसपछिको समयमा प्रष्ट रूपमा देखा पर्न थाल्यो।

बिपीका पछाडि भारत थिएन, मातृकाका पछाडि भारत र नेपाल भित्रै राजा पनि थिए। त्यसैले बिपी त्यसबेला कमजोर थिए। नेहरूको समर्थन पाएका मातृका बलिया थिए, जसले गर्दा पार्टी फुट्यो र मातृकाले सरकार गठन गरे। त्यति बेला त्रिभुवनकै पैसामा मातृकाले पार्टी गठन गरेको भनिन्छ। सुरूमा बिपी गृहमन्त्री मात्रै भए। त्यसपछि बिपी सत्तामा एकैपटक १५ सालमा मात्र पुगे। सात सालताका राजाले कांग्रेस ज्यादै शक्तिशाली भएकाले त्यससँग लड्न सकिँदैन भन्ने दृष्टिकोण राख्थे। तर सात साल पछिको कांग्रेस फुटि सकेपछिको स्थितिमा क्रमिक रूपमा राजा उनीहरूबीच खेल्न थाले। अनि एकपछि अर्को सरकार परिवर्तन हुँदै गयो।

मातृकाजीको सरकार आयो, त्यसलाई ढाले। परिषद् आयो, त्यो पनि भएन। टंकप्रसाको सरकार आयो। त्यसपछि फेरि डा. केआइ सिंहको सरकार आयो। यसरी विभिन्न किसिमले राजाले सरकार परिवर्तन गर्दै आफ्नो उद्देश्य पूरा गर्ने क्रम जारी राखे। पार्टीहरु सबै कमजोर भए। हिजो ऐतिहासिक भूमिका खेलेको प्रजापरिषद् पनि शक्तिशाली हुन सकेन। प्रचण्ड गोरखाको त अस्तित्त्व नै रहेन किनभने त्यो प्रजापरिषद्मा मिलिसकेको थियो। कांग्रेसमा विभाजन आएको स्थितिमा राजाले जनतामा गइसकेको अधिकार फिर्ता लिए। राजालाई कसैको डर थियो भने कांग्रेसकै थियो। त्यो फुटि सकेपछि राजाले ठूलो गेम खेले। परिणामस्वरूप कांग्रेस ठूलो सङ्घर्षमा जानुपर्‍यो। ०१४ सालमा उसले सत्याग्रह पनि गर्‍यो, कांग्रेस कमजोर हुँदै गयो। सात सालमा सरकार बनेपछि २०१५ सालसम्म कांग्रेसको सरकारै आउन सकेन। २००८ सालमा मातृका कांग्रेसकै नाममा केही समय सरकारमा बसेदेखि बाहेक राजाले कांग्रेसलाई निषेध गर्दै अन्य पार्टीलाई महत्त्व दिँदै गए। कांग्रेस र बिपीलाई राजकाज मा महत्त्व दिनै छाडियो। २०१४ सालको सत्याग्रह, संविधानसभाको माग सबै तुहाइयो। अन्ततः संसदकै चुनावका लागि सहमत हुन बाध्य पारियो, बिपी पनि बाध्य भए।

राजा महेन्द्रले कांग्रेसले जित्दैन भन्ने ठानेर निर्वाचन गराएका थिए। कीर्तिनीधि विष्ट, यदुनाथ खनाल र अरू दुईचार अञ्चलाधीश, बडाहाकिमसहितको समितिबाट उनले रिपोर्ट लिएका थिए, जसमा कांग्रेसको बहुमत आउँदैन भन्ने थियो। कांग्रेसले नै बहुमत ल्याउँछ भन्ने भएको भए महेन्द्रले त्यति छिटो निर्वाचन गराउने थिएनन्। तर नतिजा उल्टो निस्किएपछि राजा धेरै असन्तुष्ट भए। कांग्रेस नेतृत्वमा सरकार गठन गर्न उनले ढिलाइ पनि गरे। २००७ सालको परिवर्तन कांग्रेसले नै ल्याएको हो र अबका जनताका आवश्यकता पनि कांग्रेसले नै पूरा गर्छ भनेर जनताले मतदान गरेका थिए। तर जनमतलाई न्याय गर्न कांग्रेसले सकेन किनभने राजा ले त्यसरी अगाडि बढ्ने वातावरण बनाएनन्। बिपी प्रधानमन्त्री भइसकेपछि देशमा परिवर्तन गर्ने थुप्रै योजना ल्याए, तर कांग्रेसको लोकप्रियता राजा महेन्द्रले सहन सकेनन्। राजा महेन्द्र २००७ सालदेखि नै कांग्रेसको विरोधी थिए। उनको बिपीसँग व्यक्तिगत रूपमा भने सौहार्द कुराकानी र विचार आदानप्रदान हुन्थ्यो। एकापसमा उनीहरूबीच खुला रूपमा कुरा हुन्थ्यो। तर भित्री रूपमा न राजालाई बिपीले, न त बिपीलाई राजाले। त्यसैको परिणामस्वरूप २०१७ सालको घटना घटेको हो।

......................बाँकी ५ पेजमा

**जाडोयामका लागि समयमै न्यानो कपडाको जोहो गरौं। शीतलहरको समयमा घरबाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं। घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउन पर्ने भएमा न्यानो कपडा लगाऔं।**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**

**नगरवासीलाई अनुरोध**

- नगरपालिका क्षेत्रभित्र जथाभावी रुपमा फोहार नफालौं।
- सडकमा घरपालुवा पशु पंक्षीलगायत छाडा नछोडौं।
- नगरपालिकामा बुझाउनु पर्ने घर तथा व्यावसायिक कर समयमा नै बुझाऔं।
- जथाभावी रुपमा सवारी साधन पार्क नगरौं।
- नया घर निर्माण गर्दा नक्सा पास गरेर प्राविधिकको सल्लाहअनुसार भूकम्प प्रतिरोधी घरमात्र बनाऔं।
- सडकमा पर्ने गरी ढुंगा, गिट्टी, बालुवा, इटा, रडलगायतका निर्माण सामग्री सवारी साधनलाई बाधा पर्ने गरी नराखौं।

**महालक्ष्मी नगरपालिकाको कार्यालय, ललितपुर**

**नगरवासीलाई अनुरोध**

- नगरपालिका क्षेत्रभित्र जथाभावी रुपमा फोहार नफालौं।
- सडकमा घरपालुवा पशु पंक्षीलगायत छाडा नछोडौं।
- नगरपालिकामा बुझाउनु पर्ने घर तथा व्यावसायिक कर समयमा नै बुझाऔं।
- जथाभावी रुपमा सवारी साधन पार्क नगरौं।
- नया घर निर्माण गर्दा नक्सा पास गरेर प्राविधिकको सल्लाहअनुसार भूकम्प प्रतिरोधी घरमात्र बनाऔं।
- सडकमा पर्ने गरी ढुंगा, गिट्टी, बालुवा, इटा, रडलगायतका निर्माण सामग्री सवारी साधनलाई बाधा पर्ने गरी नराखौं।

**गोदावरी नगरपालिकाको कार्यालय, ललितपुर**

# ओझेलमा: शहीद प्रजालाल राई

**राजेश्वरबहादुर श्रेष्ठ**

पञ्चायती तानाशाहका विरूद्धमा भएको प्रजातान्त्रिक आन्दोलनमा आफ्नो ज्यानको आहुती दिने शहीदहरू अहिले पनि ओझेलमा छन् । यिनै शहीदहरूको बलिदानबाट देशमा प्रजातन्त्र, लोकतन्त्र हुदै गणतन्त्र आईसकेको छ । तरपनि यि शहीदहरूको उचित मूल्यांकनहुन सकेको छैन । बरू गणतन्त्र आएपछि भिरबाट खसेर मरेका होस् वा गुण्डागर्दीको क्रममा मृत्यूवरण गरेकाहरू पनि धमाधम शहीद बनि १० लाख प्राप्त गरिरहेका छन् । यस्तो अवस्थामा प्रजातान्त्रिक आन्दोलन को क्रममा शहादत प्राप्त शहीदहरूको अवस्थाका वारेमा सम्वन्धित दलहरूकासाथै राज्य संयन्त्र मौन देखिन्छन् ।

देशभर यस्ता सयौं महान शहीदहरू छन्, जो पद, सत्ता, शहीद भएपछि नगद पुरस्कारका लागि नभई केवल जनताको हक अधिकार, स्वतन्त्रता र प्रजातन्त्रका लागि आफ्नो ज्यानको आहुती दिएका छन् । यसमध्ये धनकुटा जिल्लाको तत्कालीन धारापानी गाउँमा जन्मेका प्रजालाल राई एक हुन् । २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्र प्राप्त भएकै दिनमा जन्मेका हुनाले उनका मातापिताले उनको नाम पनि प्रजालाल राखेका थिए । नामजस्तै प्रजालाल राई माता, पिता, श्रीमती तथा छोरा नभनी प्रजातन्त्र पुनर्स्थापनाका लागि संघर्ष गर्दै आफ्नो जीवन उत्सर्ग गरे ।

शहीद राई जवान भएपछि फुस्रेस्थित तत्कालीन शाही नेपाली सेनामा भर्ना भएका थिए । त्यस समयमा पञ्चायती तानाशाह व्यवस्थाविरूद्ध नेपाली कांग्रेसले सशस्त्र आन्दोलन गरिरहेका थिए । ती नेपाली कांग्रेसका क्रान्तिकारी योद्धाहरूलाई सैनिक क्याम्पमा ल्याएर राख्ने गर्दथे । र, ती योद्धाहरूलाई तत्कालीन शाही नेपाली सेनाका हाकिमहरूले उनलाई पनि क्रुर तथा अमानवीय यातना दिन निर्देशन दिने गर्थे । उनले पनि नचाहदाँ नचाहदै सो कार्यमा लाग्नु पर्ने बाध्यता थियो । यातना दिन नमान्दा हाकिमले उनलाई नै यातना दिने गर्दथे । यस्तो अवस्थाले पछि उनले सेनाको जागिर छोडेर फारविसगञ्जस्थित नेपाली कांग्रेसको सम्पर्कमा पुगे ।

त्यस समय अर्का होनहार क्रान्तिकारी जो नेपाली सेनाको अधिकृत पद त्यागी आएका धनकुटा घर भई ओखलढुङ्गा बसाई सरेका क्या. यज्ञबहादुर थापाको सैनिक कमाण्ड र राम लक्ष्मण दाजुभाईको राजनीतिक कमाण्डमा ओखलढुंगा आक्रमण गर्ने योजना बनिरहेको थियो । यस्तो अवस्थामा सेनाबाट आएको होनहार योद्धा राईलाई पनि सो टोलीमा सहभागी गराई आवश्यक हातहतियारका साथ आक्रमणकालागि पठाईयो । त्यससमयमा क्रान्तिकारी सेनाले आक्रमण गर्नासाथ प्रजातन्त्रवादी समर्थक रहेका त्यहाँका सेनाप्रमुखले सेनालाई आत्मसमर्पण गराउने एक प्रकारले सहमतीसमेत बनि सकेको थियो । टोली ओखलढुंगा जाने क्रममा जनकपुर अञ्चलको कमलामाई नदीतिर आईपुगेपछि एकजना गद्दारले सहभागीले बहाना बनाई मेरो सानो काम पऱ्यो, तिमीहरू जादै गर्नु, म विस्तारै पछि आउँछु भनेर छुट्टिए । उनी त्यहाँबाट सिधै जनकपुरस्थित अञ्चलाधीशको कार्यालयमा गएर अञ्चलाधीशलाई सबै कुराको जानकारी गराई दिए ।

त्यो जानकारी पाउनासाथ अञ्चलाधीश काठमाडौं गएर सबै कुरा तत्कालीन श्री ५ लाई जानकारी गराई दिए । त्यसपछि लगत्तै सरकारले ओखलढुंगास्थित सेनाका प्रमुखलाई रातारात काठमाडौं झिकाए र नयाँ सेनानीको कमाण्डमा थप फौज हेलीकप्टर बाट ओखलढुंगा पुऱ्याए ।

साथि वीच बाटोबाटै छुट्टिनु र पछिसम्म पनि सम्पर्क नआउँदा पनि योद्धाहरूले षडयन्त्र भएको गन्धसम्म नपाउनु दुर्भाग्य थियो योद्धाहरूका लागी । योद्धाहरू केहि दिनपछि नै ओखलढुंगा आफ्नो नियन्त्रणमा आउने दिवास्वप्नमा मग्न हुँदै बाटो लागे । जब ओखलढुंगाको नजिक पुग्दै गए, अचानक आकाशमा सेनाको हेलिकप्टर उडिरहेका देखे । पछि सेनाको अधिकृतसमेत रहेका क्या. यज्ञबहादुर थापाको मनमा चिसो पस्यो । र, उनले कमलामाईबाट गएको साथिले धोका दिएकोले तत्काल आक्रमणको योजनालाई स्थगित गरी फर्कनु पर्ने र अनुकुल समयमा आक्रमणका लागि आउनु पर्ने कुरा राजनीतिक कमाण्डर राम लक्ष्मणलगायतसँग राखे । तर, राजनीतिक कमाण्डरहरूले आफुहरू युद्धका लागि पेस्तोलबाट गोली छुटेजस्तो निस्किसकेकोले



या तानाशाहका विरूद्ध विजय प्राप्त गर्ने या त वीरगति प्राप्त गर्ने भन्दै आक्रमण गर्नु पर्ने तर्क राखे ।

त्यसमय ओखलढुंगाको टिम्वुर बोटे भन्ने ठाउँको ओडारमा उनीहरू रहेका थिए । उनीहरूले चाहेको भए भाग्ने समय प्रशस्त थियो । मंसिरको अन्तिमतिर जाडो मौसम थियो । आकाशमा बादल पर्याप्त मात्रामा लाग्नाले हेलिकप्टरबाट भुईमा रहेका योद्धाहरूलाई देख्ने सम्भावना पनि न्युन थियो । विवादका वीच पनि दुई दिन जति कुरे । शाहीसेनामा रहेका आफ्ना पक्षका जासुसहरूबाट कुनै सकार ात्मक सूचना आउँछकि भनेर आश गरेर बसे । सूचना प्राप्त हुनासाथ आक्रमण गर्ने योजनासाथ हातहतियारसहित उनीहरू तयारी का बसेका थिए । त्यो नै देशका होनहार योद्धाहरूका लागि दुर्भाग्य बन्न पुग्यो । भोलीपल्ट अर्थात प्रजातन्त्र खोसिएको दिन पुष १ गते सेनामा रहेका जासुसबाट कुनै सकारात्मक सूचना होईन बरू शाही सेनाबाट अचानक ओडारमा बमगोलाका साथ आक्रमण हुन पुग्यो । त्यही आक्रमणमा धनकुटाका वीरयोद्धा प्रजालाल राईका साथै राजनीतिक कमाण्डर राम लक्ष्मण लगायतका वीर योद्धाहरूले शहादत प्राप्त गरे ।

क्या. थापा घाईते अवस्थामा नै भएपनि त्यहाँबाट भाग्न सफल

..................बाँकी ५ पेजमा

## दिवसमा कविता गोष्ठी

**अजयसन्तोषी राई**

धनकुटा । ६८औ मानव अधिकार दिवसको अवसरमा एमनेष्टी ईन्टरनेशनल धनकुटाको आयोजनामा कविता प्रतियोगिता गरिएको छ । साहित्यकार केजी सुब्बाको अध्यक्षतामा सम्पन्न प्रतियोगितामा ६ प्रतियोगी र अन्य अप्रतियोगी श्रष्टाहले कविता वाचन गरेका थिए ।

प्रतियोगितात्मकतर्फ मूर्तिढुंगाका जगमायाँ मादेन प्रथम, होम्ताङ्ग भोजपुरका रोशन हतुवाली द्वितीय र धनकुटा ७ का हिमानी रिजाल तेस्रो भएका थिए । विजेता कविहरूलाई जेष्ठनागरिक तथा अतिथीहरू टिकाप्रसाद लामिछाने, बुद्धिकान्त घिमिरे, सभापति केजी सुब्बालगायतले नगद र प्रमाणपत्र प्रदान गरेका थिए ।

**रोचक प्रसंग ..............**

## यहाँ मान्छे मर्दा मनाइँदैन शोक, लाससँग गरिन्छ यस्तो



आफ्ना आफन्तलाई गुमाउनु कसैका लागि पनि प्रिय र सजिलो कुरा होइन । आफन्त मर्दा शोक मनाउनु स्वभाविक हो । तर यो दुनियामा यस्तो ठाउँ पनि छ जहाँ मान्छे मर्दा शोक होइन खुसी मनाइन्छ ।

इण्डोनेसियाको दक्षिण सुलेवासी प्रान्तमा बस्ने टोराजा आदिवासी समुदायले मान्छे मर्दा खुसीको उत्सव मनाउँछन् । यहाँ दुख व्यक्त गर्ने तरिका तथा ठाउँ विल्कुल उल्टो छ । यो समुदायका मानिसहरूले आफ्नो मान्छेहरूलाई यतिधेरै प्रेम गर्दछन् की मृत्युपछि पनि अलग गर्न सक्दैनन् । मरिसकेका मानिसहरूलाई पनि ज्यूँदो नै मान्दछन् । मरेका मानिसलाई पनि ज्यूँदो मानिसलाई जस्तै गरी व्यवहार गर्दछन् । लासलाई सामान्य मानिसलाई जस्तै गरी लुगाफाटो लगाइदिने, सिंगार्ने तथा लाससँग फोटो समेत खिच्ने गर्दछन् । साथै यसका लागि विशेष समारोहको आयोजना पनि गरिन्छ । आमरूपमा मृत्युपछि अन्तिम संस्कार गरिन्छ । तर यो समुदाय का मानिस मृत्युपछि पनि शवलाई शव मान्दैनन् । शव परिवारको एक हिस्सा र हिरहन्छ । शवलाई घरमा ठीक उसैगरी राखिन्छ जसरी व्यक्ति मृत्युअघि रहन्छ । मृतकको लासलाई बिरामी व्यक्ति मानिन्छ र त्यस्तै व्यवहार गरिन्छ ।

लासलाई चिहानबाट वर्षको एकपटक बाहिर निकालिन्छ । सजावट गराएर विशेष उत्सव मनाइन्छ । यस्तो वार्षिक उत्सवलाई मानेने भनिन्छ । लास राख्नको लागि ढुंगामा विशेष खालको प्वाल खोपिएको हुन्छ । जहाँ लासलाई सुरक्षित रूपमा राखिन्छ ।


नगरवासीलाई अनुरोध

- नगरपालिका क्षेत्रभित्र जथाभावी रुपमा फोहार नफालौं ।
- सडकमा घरपालुवा पशु पंक्षीलगायत छाडा नछोडौं ।
- नगरपालिका क्षेत्रभित्र प्लास्टिक झोला निधेष गरिएको छ, प्रयोग नगरौं । वातावरण स्वच्छ राख्न सहयोगी बनौं ।
- नगरपालिकामा बुझाउनु पर्ने घर तथा व्यावसायिक कर समयमा नै बुझाऔं ।
- जथाभावी रुपमा सवारी साधन पार्क नगरौं ।
- घर निर्माण गर्दा नक्सा पास गरेर मात्र बनाऔं ।
- सडकमा पर्ने गरी ढुंगा, गिट्टी, बालुवा, इटा, रडलगायतका निर्माण सामग्री सवारी साधनलाई बाधा पर्ने गरी नराखौं ।

धनकुटा नगरपालिकाको कार्यालय, धनकुटा



इलाम जिल्लावासीलाई अनुरोध

- घर घरमा बनेका चर्पी प्रयोग गरौं ।
- खाने पानी उमालेर मात्र पिउने बानी बसालौं ।
- पिउने पानी छोपेर राखौं ।
- झाडा पखाला, रुघाखोकी, ज्वरो टाढा भगाऔं ।
- सबै स्वस्थ्य र निरोगी बनौं ।
- धनकुटा जिल्लालाई पूर्ण सरसफाईयुक्त जिल्ला बनाउन हामी सबै लागौं ।

जिल्ला विकास समितिको कार्यालय, इलाम



नगरवासीलाई हार्दिक अनुरोध

- नगरपालिका क्षेत्रभित्र जथाभावी रुपमा फोहार नफालौं ।
- सडकमा घरपालुवा पशु पंक्षीलगायत छाडा नछोडौं ।
- नयाा भवन निर्माण गर्दा लाईसेन्सप्राप्त इन्जिनियरद्वारा नक्सा बनाई नक्सापास गराएर भूकम्प प्रतिरोधात्मक प्रविधिको तालिम लिएका मिस्त्री तथा प्राविधिकको सल्लाहअनुसार निर्माण गरौं ।
- नगरपालिकामा बुझाउनु पर्ने घर, जग्गा तथा व्यावसायिकलगायतका कर समयमा नै बुझाऔं । जरिवाना हुनबाट जोगिऔं ।
- जथाभावी रुपमा सवारी साधन पार्क नगरौं ।
- सडकमा पर्ने गरी ढुंगा, गिट्टी, बालुवा, इटा, रडलगायतका निर्माण सामग्री सवारी साधनलाई बाधा पर्ने गरी नराखौं ।

चन्द्रागिरी नगरपालिकाको कार्यालय, काठमाडौं



जिल्ला विकास समितिको कार्यालय, सुनसरीको वातावरण उर्जा तथा जलवायु परिवर्तन शाखाको

सूचना ! सूचना !! सूचना !!!

घरायसी सौर्य उर्जा प्रणाली सम्बन्धि जानकारी

१. २०० वाट देखि १५०० सम्मको सौर्यप्रणालीमा जडान गर्दा ७० प्रतिसत कर्जा लगानी, ब्याज दर २.२५ प्रतिसत
२. व्यावसायिक कर्जा : १५०० वाटभन्दा माथिका सौर्यप्रणालीमा ७० प्रतिसत कर्जा लगानी, ब्याजदर ४.५० प्रतिसत
३. २०० वाट देखि १५०० सम्मको सौर्यप्रणालीमा जडानमा अनुदान स्वरुप रु. २०,००० /- सम्म छुट प्रदान गरिनेछ ।

विस्तृत जानकारीका लागि जिल्ला विकास समितिको कार्यालयको वातावरण उर्जा तथा जलवायु परिवर्तन शाखामा सम्पर्क गर्न सकिन्छ ।

फो नं. ०२५-५६०४८८



# बूढाबूढीलाई जाडोमा कसरी जोगाउने ?

**डा. रमेश कडेल**

बढ्दो जाडोसँगै विशेष गरी बृद्धबृद्धाहरुमा विभिन्न किसिमका स्वास्थ्य समस्या देखिने गर्छन् । जसमध्ये एक प्रमुख समस्या हो, भाइरल रोग र त्यसमा पनि महत्वपूर्ण, श्वासप्रश्वास सम्बन्धी सरुवा रोगहरु । यसको प्रमुख कारणचाहिँ बढ्दो जाडोसँगै मानिसहरु, झुण्ड बनाएर एकै ठाउँमा सँगै बस्नु लाई नै मानिदै आएको छ ।

बढ्दो उमेर/बुढ्यौलीसँगै शरीरको रोग–प्रतिरोधात्मक क्षमता मा ह्रास हुँदै जाने हुनाले ज्येष्ठ नागरिकहरु यो मौसममा श्वास–प्रश्वासका संक्रमणात्मक रोगहरु बाट बढी पीडित हुने सम्भावना रहन्छ । यो मौसममा साधारण रुघाखोकी, 'फ्लू'देखि फोक्सोको संक्रमण निमोनियासम्म हुने गर्दछ ।

साधारण रुघाखोकी, 'फ्लू' र निमोनिया नितान्त फरक कुरा हरु हुन् । साधारण रुघाखोकीमा सिंगान आइरहने, नाक बन्द हुने, हाच्छ्यु आइरहने, घाँटी चिलाउने, आँखा रसिलो हुने हुन्छ । 'फ्लु' मा कामज्वरो आउने, टाउको दुख्ने, सुख्खा खोकी लाग्ने, जिउ दुख्ने, शरीर थकित हुने गर्दछ । 'फ्लू'मा पनि साधारण रुघाखोकीका लक्षणहरु देखिन्छन् । तर, ती अलि कडा प्रकृतिका हुन्छन् ।

समयमै निदान र उपचार नगरिएको खण्डमा 'फ्लु' बल्झेर कडा किसिमको 'निमोनिया' समेत हुने जोखिम रहन्छ । इन्फ्ल्युन्जा बल्झेर निमोनिया हुने सम्भावना विशेष गरी नवजात शिशुहरु, बालबालिका र ज्येष्ठ नागरिकहरुमा बढी हुने गर्दछ । सो भएको खण्डमा बिस्तारै खोकी बढ्दै जाने, छाती दुख्ने, र गतमा अक्सिजनको मात्र कमी हँदै शरीर निलो (साइनोसिस) हुने जस्ता लक्षणहरु देखिदै जान्छन् । बेलैमा 'इन्फ्ल्युञ्जा'ले गर्ने न्युमोनियाको उचित निदान नभएको खण्डमा २–३ दिनको अवधि भित्रै कडा किसिमका ब्याक्टेरिया (विशेषगरी स्टाफाइलोकोकस, स्टेपट्रोकोकस निमोनिया र हेमोफिलस इन्फ्ल्युन्जी) को संक्रमण थपिदै गएर बिरामीको अवस्था अझै बढी गम्भीर हुँदै जान्छ ।

**'फ्लू' बाट कसरी बच्ने ?**

१. इन्फ्लुयुञ्जा विरुद्धको खोप

हाम्रो देशमा यकिन तथ्यांक नभएता पनि संयुक्तराज्य अमेरिको तथ्यांकहरुका अनुसार हरेक वर्ष करिब २ लाख मानिसहरु कडा प्रकृतिको 'फ्लू' जन्य रोगका कारण अस्पताल भर्ना हुन्छन् जसमा करिब ३ हजार देखि ४९ हजारको मृत्यु हुने गर्दछ । अल्प–प्रभावकारी स्वास्थ्य संरचना भएका हाम्रो जस्ता विकाशशील देशहरुमा फ्लुबाट हुने जोखिमहरु स्वभाविक रूपले बढी नै हुन्छन् । तसर्थ यसरोगबाट बच्ने सर्वोत्तम उपाय भनेको 'इन्फ्ल्युन्जा' विरुद्धको खोप हो । 'फ्लु' विरुद्धको खोपले १०–१४ दिनमा आफ्नो प्रभावकारिता देखाउँदै जान्छ ।

केही हालैका तथ्यांकहरुले के देखाएका छन् भने २०१०–२०१२ भित्रमा यो खोपको प्रयोग पश्चात बालबालिकामा जटील प्रकृतिको 'फ्लू' भई सघन कक्ष (आइसीयु) मा भर्ना हुने दर ७४ प्रतिशतले घटेको देखिएको छ । त्यसैगरी यो खोपले मधुमेहका र दमका बिरामी 'फ्लु' भई अस्पताल भर्ना हुने दर लाई पनि क्रमशः ७९ प्रतिशत र ५२ प्रतिशतका हिसाबले कम गरेको पाइएको छ ।

बुझ्नुपर्ने कुरा के छभने यो खोपले साधारण रुघाखोकी लाग्ने जोखिमहरुबाट चाहिँ बचाउँदैन । 'फ्लु लाग्ने' र यसबाट हुने जोखिमबाट बच्न र बचाउन ६ महिनाभन्दा माथिको सबै उमेर समूह र त्यसमा पनि ज्येष्ठ नागरिकहरुलाई जाडोमौसम शुरु हुँदै 'इन्फ्लुयुन्जा' विरुद्धको खोप लगाउनु पर्दछ । 'फ्लू'को जोखिम र जटिलता तल उल्लेखितलाई बढी हुने गर्दछ ।

(क) ६५ वर्ष र सोभन्दा माथिको उमेर समूहकालाई

(ख) दीर्घकालीन प्रकृतिका रोग भएका बिरामीहरु (जस्तै, मधुमेह, दम र मुटुको समस्या भएकाहरूलाई)

(ग) मृगौलाका रोगीहरु/रोग–प्रतिरोधात्मक क्षमता कम गराउने रगतसम्बन्धी रोग भएका बिरामी । त्यस्तै स्वास्थ्यकर्मीहरुबाट पनि उनीहरु अर्न्तगत उपचार गराइरहेका बिरामीहरुमा पनि 'फ्लू' सर्ने जोखिम उच्च भएका कारण स्वास्थ्यकर्मीहरूले पनि यो खोप लगाउनु अत्यावश्यक हुन्छ ।

**२. हातको सरसफाई**

रुघाखोकी र 'फ्लू' दुवै रोग हरु विरामीले खोक्दा स हाच्छ्यु गर्दा, हात मिलाउँदा स्वस्थ मानिसमा सर्ने हुँदा हातको सरसफाइ अत्यन्त महत्वपूर्ण मानिन्छ । बिरामीले कमसेकम १५ सेकेण्ड जति साबुन पानीले राम्रोसँग हात धोएको खण्डमा उसबाट अन्यमा यो रोग सर्ने सम्भावना केहि कम गर्न सकिन्छ ।

३. ज्येष्ठ नागरिकलाई 'फ्लू' संक्रमित विरामीबाट टाढै राखेर पनि संक्रमणको जोखिमबाट

..................बाँकी ५ पेजमा

## सिधुवा बजारमा तरकारी जोन कार्यान्वय इकाई सञ्चालन हुने

**चन्दा नेपाली**

धनकुटा । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनामार्फत सिंधुवामा तरकारी जोन कार्यान्वयन इकाई संचालनमा आउने भएको छ । विद्यमान निर्वाहमुखि कृषिलाई ब्यवसायिक बनाउँदै लैजाने लक्ष्य अनुसार बजेटमा ब्यवस्था भए वमोजिम धनकुटाको तरकारी उत्पादन क्षेत्रका रूपमा रहेको मूर्तिढुङ्गा, परेवादिन र तांखुवा गाविसमा काम गर्ने गरी सिंधुवामा कार्यालय स्थापना गर्न लागिएको जनाएको छ ।

१० वर्षे परियोजनामार्फत उपज उत्पादन, पोष्ट हार्वेष्टिङ्ग, कस्टम हायरिङ्ग सेन्टर, कोल्डस्टोर लगायतका पूर्वाधार विकास गरी कृषि उत्पादन र निकासीमा सहयोग पुऱ्याउने बताइएको छ । यसका लागि एकजना उपसचिवसहित ६ जना कर्मचारी र यसै आर्थिक वर्षमा खर्च गर्ने गरी ८८ लाख रूपैयाँको अख्तियारी पठाइएको आयोजना इकाइ प्रमुख हर्षहाङ राईले जानकारी दिए ।

कृषि प्राविधिक उत्पादनका लागि शिक्षालयलाई अनुदान, उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम र पोष्ट हार्वेष्टिङग सेन्टर संचालन कार्यबिधि तयार हुने बित्तिकै इकाइले काम सुरू गर्ने बताइएको छ । आयोजना इकाइ प्रमुख राईका अनुसार यो ईकाई आगामी पौष महिनाको अन्तिमबाट सञ्चालनमा आउने छ ।

धनकुटाबाट काठमाडौं तथा काठमाडौंबाट धनकुटा जानआउन सुविधायुक्त रात्रीबसका लागि हामीलाई सम्झनुहोस् ।

**चण्डिका यातायात सेवा**

सम्पर्क नं. ९८४२१०९५९७

**क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय, धनकुटाको अनुरोध**

१. सके सफा गरौं नसके फोहोर नगरौं । २. सफा, सभ्य मानिस भई रमाएर बाँचौं । ३. स्वास्थ्य, विकास, प्रतिष्ठा र सभ्यताको आधार सरसफाई भएकोले यसलाई विषेश महत्व दिई प्रचार प्रसार गरौं । ४. खाना खानु अघि र चर्पी गएपछि सावुन पानीले हात धुने बानी बसालौं, स्वास्थ्य बनौं, सम्भावित धन जनको क्षति हुन नदिऔं । ५. तपाइले गरेको फोहोरले कतै समाजमा महामारी त फैलिएरहेको छैन ? विचार गर्नुहोस् तपाईको कारणले कसैको ज्यान जानसक्छ । ६. हाम्रो गन्तव्य पूर्णसरसफाई हो । पूर्ण सरसफाईको प्रतिवद्धता पुरा गर्न सधै सक्रिय रहौं, सहयोगी बनौं । ७. वातावरण संरक्षण गरी स्वच्छ सुन्दर पारौं, जल, स्थल, हावा, पानी प्रदुषण हुनबाट रोकौं ।

**क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय, धनकुटा**

**नगरवासीलाई हार्दिक अनुरोध**

१. आफ्नो घर आँगन सधैं सफा राखौं । जथाभावी दिसा नगरौं ।
२. घर पसलबाट निस्कने फोहरलाई जथाभावी बाटो, चोक, ढल, नाली, आदीमा नफालौं।
३. बासी, सडेगलेको खोनकुरा विक्रीवितरण नगरौं, नगराऔं र नखुवाऔं ।
४. झिंगा भन्केका खानेकुरा नखाऔं, नखुवाऔं। खानालाई सधैं छोपेर राख्ने गरौं।
५. खानेपानी उमालेर तथा शुद्धीकरण गरेर मात्र पिउने गरौं ।
६. घर पसलबाट निस्कने फोहरलाई कुहिने र नकुहिने वस्तुमा छुट्याएर मात्र निष्काशन गर्ने गरौं ।
७. घर बनाउँदा इञ्जिनियरद्वारा नक्सा बनाई नक्सा पास गरेर भूकम्प प्रतिरोधी बनाऔं ।
८. नगरपालिकालाई आफुले बुझाउनु पर्ने व्यावसायिक तथा सम्पत्ति कर समयमा नै बुझाऔं । जरिवानाबाट बचौं ।

**दमक नगरपालिकाको कार्यालय, झापा**

**जिल्ला वन कार्यालय, धनकुटाको वन डढेलो नियन्त्रण सम्वन्धी अनुरोध**

- डढेलोबाट वन जोगाऔं, अमूल्य वन सम्पदाको संरक्षण गरौं ।
- हुरी बतासको समय अगावै अग्नी नियन्त्रण रेखा तयार गरौं ।
- बाटोको छेउछाउका पतकरहरु सफा राखौ ।
- बटुवाहरुलाई चुरोट, विडीका ठुटा निभाएर फाल्न अनुरोध गरौं ।
- गोंठालाहरुलाई आगलागीबाट हुने नोक्सानी बारेमा जानकारी दिऔं ।
- प्रत्येक समूहमा टोल टोलमा उपसमूह बनाई आगलागीबाट बचाउन पालैपालो वनको रेखदेख गरौ ।
- वनको छेउछाउमा भएका बारी कान्लामा आगौ बाल्दा विशेष शतर्कता अपनाऔं ।
- वनभोज सकिएपछि आगो निभेको एकिन गरौ ।
- विद्यार्थीहरुलाई वन डढेलो रोकथाम गर्न सजग राखौं ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै थप धनजनको क्षति हुनबाट बचाउनु सवैको कर्तव्य हुने हुँदा डढेलो नियन्त्रण कार्यमा सहयोग गर्न सवै सरकारी, गैन्हसरकारी निकायहरु, समुदायहरु, नागरिक समाज, स्थानीय निकाय लगायत सर्वसाधारण सवैमा हार्दिक अनुरोध गरिन्छ ।

**सामग्री भेटिएको सूचना पुनः प्रकाशित**

मिति २०७३ साल मंसिर ८ गते धनकुटा जिल्लाको पाख्रिवास वजार क्षेत्र निकट पाख्रिवास भोजपुर सडकखण्डमा महेन्द्रनगर ४ सुनसरी ठेगाना लेखिएको निशान्त राउत नाम भएको नेपाली नागरिकतासहित अन्य सामग्री राखिएको झोला फेला परेको हुदाँ सम्वन्धित व्यक्तिले निम्न स्थान र मोवाईल नम्वरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क ईलाका प्रहरी कार्यालय पाख्रिवास वा सोभित निरौला पाख्रिवास ४ धनकुटा मोवाईल नं ९८४३५६२६०६

### व्यापक .......

गाँजा खेती गरिएको पछिल्लो समयमा पाईएको छ ।

धनकुटा केही वर्षयता लागू औषधको कारोवार, ओसारपसार तथा दुर्व्यसनीको टपटेन रहेको गृह मन्त्रालय लागू औषध नियन्त्रण महाशाखाको तथ्याङ्कले देखाएको छ । हरेक वर्ष जिल्ला प्रशासन कार्यालयमा लागूऔषध तथा दुर्व्यसन नियन्त्रणको लागि वजेट तथा कार्यक्रम पनि आउने गर्दछ । केन्द्रबाटै आएर सचेतना तथा अन्तर्क्रिया कार्यक्रम गर्ने गर्दछ । तर, समस्या जँहीको त्यँही छ । गाँजा खेती, लागूऔषध र दुर्व्यसन सम्बन्धि कार्यक्रम सदरमुकाममा बसेर जति गरेपनि गाँजा खेती गर्नेहरु र लागू औषध प्रयोगकर्ताहरु दिनप्रतिदिन बढ्दो छ ।

प्रशासन र प्रहरी हरेक वर्ष गाँजा फाँड्ने अभियान कार्तिक मंसिर लागेपछि शुरु गर्छ । किन सधै पाक्ने बेलामामात्र फाँड्ने गर्दछ त ? बरू रोप्ने बेलामा अभियान थाल्न उचित हुने बताउँछन् ।

सरोकारवाला संघसंस्थाका अगुवाहरूले यसलाई निरूत्साहित गर्न आयमूलक पेसा वा खेतीको कार्यक्रम ल्याउन पर्ने बताउँछन् । लागूऔषधकर्तालाई प्रहरीले पक्राउ गर्छ, मुद्धा चलाउँछ अनि २५ सय रुपैयाँ धरौटी राखेर छोडिदिनाले लागूऔषध प्रयोगकर्ताको संख्या दिनप्रतिदिन बढ्दै गएको प्रहरी कार्यालयको तथ्याङ्कले देखाउँछ ।

२०७० सालदेखि हरेक वर्ष गाँजा फाडिन्छ । तरपनि यो खेती निरन्तर हुदैआएको छ । गतवर्ष प्रहरी उपरीक्षक विमुतिराज पाण्डेको कमाण्डमा पनि हजारौं रोपनी गाँजा नष्ट गरिएको थियो । अहिलेपनि हालै सुरुवा भएर आएका प्रहरी उपरीक्षक सुदिप राजभण्डारीको कमाण्डमा सयौं रोपनीमा लगाइएको गाँजा फडाँनी गरिएको छ । प्रहरी उपरीक्षक राजभण्डारीको कमाण्डमा मंगलवार छिन्ताङ गाविस वडा नं. ९ मा २ रोपनी जग्गामा लगाइएको ५ सय बोट गाँजा नष्ट गरेको छ । त्यसैगरी सोहि वडाकै माथिल्लो तित्रे र तल्लो तित्रेमा अन्दाजी ११ रोपनी जग्गामा लगाएको १ हजार ५५ वोट संचारकर्मीहरूको उपस्थितिमा नष्ट गरेको छ ।

### कर्मचारी .......

गर्नुपर्ने बाध्यता रहेको बताए ।

कांग्रेस कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्दै राज्यमन्त्री गुरूङले संविधान संशोधन प्रस्ताव फिर्ता नहुने बताए । संशोधन विवादले स्थानीय तहको पुर्नसंरचनामा असर गरेकाले पुराने संरचनामा निर्वाचन गराउने योजना सरकारको रहेको बताए । उनले कार्यकर्तालाई निर्वाचनका लागि तयार रहन निर्देशन दिए ।

अर्को प्रसंगमा राज्यमन्त्री गुरूङले जोगवनी किमाथाङ्का सडकको निर्माण यसैवर्ष पुरा गर्ने योजना रहेकाले २ अर्व बजेट व्यवस्था गरेको बताए । प्रदेश नं. १ को राजधानी धनकुटालाई बनाउने विषयमा पहाडी जिल्लाका सांसद र नेताहरूलाई फकाउनु पर्ने भएकाले धनकुटावासीलनै पहल गर्नुपर्छ । भौतिक पूर्वाधार र सरकारी सम्पति संरक्षण गर्ने हो भने धनकुटा राजधानी बन्ने सम्भावना रहेको राज्यमन्त्री गुरूङले बताए ।

सो अवसरमा कांग्रेस जिल्ला कार्यसमितिको तर्फबाट धनकुटा अस्पताललाई ५० शैयाको अस्पताल बनाउनु पर्ने, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्यचौकीहरूको भौतिक पूर्वाधार निर्माण गर्नु पर्ने लगायतको माग राखेका थिए ।

धनकुटा कांग्रेसका कार्यवाहक सभापति नवीनकिशोर शाक्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सचिव विजयसन्तोषी राई, कोषाध्यक्ष दिनेश राई, पूर्वसांसद लिला सुब्बा, महासमिति सदस्य आनन्दसन्तोषी राई, क्षेत्रीय सभापति इन्दिरा थापा, पत्रकार महासंघका अध्यक्ष खगेन्द्र घिमिरे, क्षेत्रीय कोषाध्यक्ष निरूपा राई, नगर सदस्य रेणु श्रेष्ठ, अस्पताल विकास समितिका सदस्य कुसुम रानालगायत नेपाली कांग्रेसका पदाधिकारीहरु तथा सदस्यहरूले राज्यमन्त्री गुरूङलाई सम्मानसमेत गरेका थिए ।

### गणतन्त्र .........

सापकोटा, नेपाल पत्रकार महासंघ धनकुटाका अध्यक्ष खगेन्द्रप्रसाद घिमिरेलगायतले शुभकामना मन्तव्य दिएका थिए । यसअघि १६ जिल्ला हेर्दै आएको अनुसन्धानले चालु आर्थिक वर्षदेखि धनकुटालगायत तेह्रथुम, संखुवासभा, भोजपुर गरी चार जिल्लामा मात्र सेवा दिन शुरू गरेको जनाएको छ ।

### कांग्रेस नेता ........

गोङवा र जिल्ला सचिव सन्तविर तामाङले ओढाएर सम्मान गरेका थिए । २ हजार सालमा जन्मेका तामाङको ७३ वर्षको उमेरमा गत मंसिर १९ गते काठमाण्डौस्थित शिक्षण अस्पतालमा उपचारको क्रममा निधन भएको थियो ।

उनको पार्थिक शरीरलाई काठमाण्डौबाट हेलिकप्टरबाट हिले स्थित उनकै निवासमा ल्याई हिले बजारमा शव यात्रा गरी बौद्ध परम्परा अनुसार अन्त्येष्टी गरिएको हो । उनका श्रीमती, दुई छोरा र दुई छोरी छन् ।

### नेहरुले .........

राजाले २०१७ सालमा यस्तो कदम चाल्दैछन् भन्ने कुराको जानकारी धेरै नेतालाई पहिल्यै थियो। गणेशमान सिंहदेखि पार्टीका थुप्रै नेता र मन्त्रीहरुलाई यसबारे पूर्व जानकारी थियो। उनीहरूले राजाले यस्तो कदम चाल्दैछन् भनेर बिपीलाई भनेको भन्थे पनि गरे। तर बिपीले कहिल्यै पनि त्यो कुरामा विश्वास गरेनन्। उनी के भन्थे भने राजाको मप्रति विरोध हुन सक्छ, सरकारप्रति विरोध हुनसक्छ तर यो व्यवस्थाप्रति विरोध हुन सक्दैन। राजालाई मन नपरे मलाई हटाइदिए भइगो नि, त्यसैले राजाले व्यवस्था नै 'कु' गर्दैनन् भन्ने विश्वास बिपीको थियो। त्यसले गर्दा थाहा पाउँदा-पाउँदै २०१७ पुस १ को घटना घटेको हो।

२०१७ सालको घटनापछाडि अन्तर्राष्ट्रिय कारण पनि छन्। त्यो हो- बिपी कोइराला र जवाहर लाल नेहरूबीचको द्वन्द्व। नेहरु र बिपी दुवै समाजवादी नेता थिए। नेहरु चाहन्थे- नेपाल सानो राष्ट्र भएकाले बिपीले मेरोभन्दा ठूलो र अन्तर्राष्ट्रिय मान्यता पाउनु हुँदैन। तर अन्तर्राष्ट्रिय स्तरमा बिपीको प्रभाव नेहरूको भन्दा माथि पुगि सकेको थियो। नेहरु बिपी पनि आफ्नो सल्लाहमा बसेर शासन सञ्चालन गरून् भन्ने चाहन्थे। तर बिपी राष्ट्रवादी नेता भएकाले आफ्नै विवेकमा अगाडि बढेका थिए। नेपाल स्वतन्त्र छभन्ने दृष्टिकोणबाट बिपीले काम गरिरहे। इजरायल, अल्जेरिया, पाकिस्तानलाई मान्यता दिने कुरामा नेपाल भारतभन्दा धेरै अगाडि बढिसकेको थियो। यिनै अनेक कारणहरूले नेहरु बिपीसँग असन्तुष्ट थिए। त्यसैले उनी बिपीलाई परिवर्तन गराउन चाहन्थे तर नेहरु नेपालमा 'सिस्टम' नै 'कु' गराउन चाहँदैनथे, सरकार चाहिँ परिवर्तन गराउन चाहन्थे। यसरी २०१७ सालको घटनामा नेहरूको पनि त्यत्तिकै भूमिका रहेको छ।

०१७ सालको 'कु' हुनेबित्तिकैको नेहरूको वक्तव्य त्यति कडा देखिँदैन। उनले नेपालमा यस्तो घटना घटेकामा दुःख लागेको छ मात्रै भनेका छन्। उनले पनि महेन्द्रले सरकारमात्रै परिवर्तन गराउन कदम चालेको ठानेका थिए। पुस १ गते सरकार परिवर्तन भयो र १९ गते महेन्द्रले व्यवस्थामै 'कु' गरे। त्यस पछिमात्रै नेहरूको सातो गयो। उनको वक्तव्य पनि ज्यादै कडा आयो। नेपालमा निर्वाचित सबै मन्त्रीसँगै बिपी, गणेशमानलगायतको गिरफ्तारी भइसकेको थियो। सुवर्णशमशेर भने दुई दिनअघि भारत गएकाले बचेका थिए। सुवर्णशमशेर पनि नेपालमा सशस्त्र क्रान्ति गर्ने पक्षमा थिएनन्। नेहरूको 'गाइडलाइन' नपाउन्जेल उनी आन्दोलन गर्ने पक्षमा थिएनन्। नेहरूको 'गाइडलाइन' पाएपछि मात्र उनी आन्दोलनको पक्षमा उत्रिए।

यसरी ००७ देखि ०१७ बीचमा कांग्रेस, राजा, बिपी सबैको कमजोरी थियो। यो सबैको परिणाम थियो ०१७ सालको घटना। यो घटनामा राजा एक्लैलाई मात्र दोष दिएर हुँदैन। राजतन्त्र पक्षधरहरु बिपीलाई दोष दिन्छन्, प्रजातन्त्र पक्षधर राजालाई दोष दिन्छन्। यस घटनामा राजतन्त्रसँगै आफूलाई प्रजातन्त्रवादी भनाउने दलहरूको पनि उत्तिकै दोष छ। ०१७ देखि ०२५ सालसम्म बिपी जेलमै रहे। ०१८ सालमा भएको सशस्त्र आन्दोलनले एउटा सशक्त रूप लिएको थियो। देशका मुख्यमुख्य भागमा ठूला आन्दोलनहरु भए। सबैभन्दा ठूलो आन्दोलन चितवनमा भयो। त्यतिखेर राजालाई बम हान्ने, जनकपुर घटनालगायत फाटफुट घटना थुप्रै भए। आन्दोलन का सुरूमा भारत सरकार र भारतीय कतिपय नेताको साथ रह्यो। तर पछि भारत-चीन युद्धका कारण नेपालमा सशस्त्र सङ्घर्ष रोक्नुपर्ने स्थिति बन्यो। नेहरूको अनुरोधमा सुवर्णशमशेरले त्यसलाई रोके। त्यसपछि सशस्त्र आन्दोलनबाट होइन, अब संवैधानिक परिवर्तनका लागि संवादबाट र राजासँग कुराकानी गरेर अघि बढ्नुपर्ने दृष्टिकोण राख्न थालियो। सुवर्णशमशेरले त्यसैअनुसार वक्तव्य पनि निकाले र परिणामस्वरूप बिपी र गणेशमान जेलबाट छुटे। नेताहरु छुट्नेबाहेक त्यो वक्तव्यको अरू उपलब्धि थिएन। वक्तव्यसँगै बिपी छुटेपछि जनतामा कांग्रेससँग एक प्रकारको आशा थियो, तर त्यो आशाअनुरूप काम राजाबाट नभएपछि बिपी फेरि निर्वासनमा निस्केका हुन् ।

*साभार: नेपालखबरडटकम*

### ओख्लेलमा .........

भए । तर, केहि दिन पछि नै सेनाले ओखलढुंगाको चप्पाचप्पा छान मारेर उनलाई उनका एकजना पुरेतका घरबाट पक्राउ गरे । पछि उनलाई धनकुटाकै अर्का शहीद भीमनारायण श्रेष्ठसँगै लामो समय कठोरतापूर्ण बन्दी बनाई २०३५ साल माघ २६ गते मृत्युदण्ड दिएका थिए ।

आज यस्ता वीर शहीदहरुको योगदानकै कारण देशमा प्रजातन्त्र हुँदै गणतन्त्र आईसकेको छ । हालै केहि शहीदहरुलाई नेपाल सरकारले शहीदको सम्मान गरेका छन् । तर, लोकतन्त्रका लागि ज्यान आहुती दिने सबै शहीदहरूको सम्मान भएको पाईदैन । यसरी सम्मान नपाउने शहीदहरुमा प्रजातन्त्र राईलगायत धनकुटाका अर्का शहीद रामकृष्ण श्रेष्ठ, नारायण नोगु, चैनपुरे कान्छाका साथै छिन्ताङ हत्याकाण्डमा शहादत प्राप्त शहीदहरूको राष्ट्रले शहीद घोषणा गर्न सकेको छैन ।

गणतान्त्रिक सरकार लोकतन्त्रकै लागि ज्यानको बलिदान दिने यि महान शहीदहरूलाई मान्यता दिन नसक्नु सरकारको नालायकी तथा निर्लज्जपन हो । यि महान शहीदहरुका छोराछोरीहरु कहाँ कहाँ, कुन अवस्थामा छन् ? खोजी गर्नु पर्छ कि पर्दैन गणतान्त्रिक सरकारले ? खोजी गरी उनीहरूको लालनपोषण तथा जीवनयापनको व्यवस्था राज्यले गर्न ध्यान दिनु पर्छ र यसतर्फ सरकारको ध्यान जाओस् ।

### वृद्ध .........

बचाउन सकिन्छ । सार्वजनिक सवारी वा अन्य भीडभाड हुने स्थानमा मास्कको प्रयोग गरेर, सकेसम्म हात नमिलाएर र हातको सर सफाइमा ध्यान दिएको खण्डमा यो रोगको संक्रमणलाई कम गर्न सकिन्छ ।

४. ताजा र पोषणयुक्त भोजन, राम्रो निन्द्रा, नियमित शारीरिक कसरत र मानसिक तनावको न्युनिकरणबाट शरीरको रोग प्रतिरोधात्मक क्षमतामा अभिवृद्धि हुने हुँदा ज्येष्ठ नागरिकहरुलाई तद् अनुरूपको वातावरण दिन सकिएको खण्डमा 'इन्फ्लुएन्जा' मात्र नभएर अन्य विभिन्न रोगहरुबाट बचाउन र रोग लागिसकेको खण्डमा पनि यो रोगको जटिलतालाई अवश्य कम गर्न सकिन्छ ।

**रोग लागिसकेको अवस्थामा**

आफूलाई साधारण किसिमको रुघाखोकी वा 'फ्लू' लागेको खण्डमा आफूबाट यो रोग घर-परिवार भित्र वा बाहिरका अन्य मानिसहरूलाई नसरोस् भन्ने कुरा हेक्का राख्नुपर्छ ।

साधारण रुघाखोकी वा 'फ्लू' का अधिकतम विरामीहरुमा 'एन्टिबायोटिक्स' को आवश्यकता पर्दैन । तसर्थ चिकित्सकहरुको परामर्शविना एन्टिबायोटिक्सजन्य औषधिको प्रयोग बाञ्छनीय हुँदैन । परामर्शविना प्रयोग गरिने यस्ता औषधीहरुले सकारात्मक भन्दा पनि बढी नकारात्मक प्रभाव पार्ने सम्भावना बढी रहन्छ र विशेष गरी ज्येष्ठ नागरिकहरु यस कुरामा बढी नै सावधान हुनुपर्छ ।

ज्वरो, रुघा शरीरको दुखाइ जस्ता समस्याहरूलाई एन्टिबायोटिकको प्रयोग बिनाने सामान्य किसिमका औषधिहरुको सहायताले ठीक पार्न सकिन्छ । चाँटी चिलाउने, नाक बुझिने, सुख्खा खोकी लाग्ने समस्याहरुलाई तातो पानीले कुल्ला गरेर वा तातो पानीको बाफ लिएर पनि समाधान गर्न सकिन्छ ।

'फ्लू' बल्भेर न्युमोनिया भएको खण्डमा बिरामीलाई अस्पतालमा भर्ना गर्नु पर्ने र सो पनि बल्भेको खण्डमा विरामीलाई अघि सघन कक्ष (आईसीयू)मा राख्नुपर्ने पनि अवस्था आउन सक्छ ।

'फ्लू' जस्ता रोगहरुको संक्रमणबाट ज्येष्ठ नागरिकहरूलाई जोगाउन यसविरुद्धको खोपलाई राष्ट्रिय खोप-तालिकामा समावेश गर्नुपर्छ । 'खोप' मा सहज र सुलभ पहुँच, हरेक ज्येष्ठ नागरिकको आधारभूत अधिकारको रूपमा राज्यले स्वीकार गर्नु पर्छ । बृद्धबृद्धा रोग विशेषज्ञ, पाटन अस्पताल तथा अरोगिन हेल्थ केयर *साभार : स्वास्थ्यखवर*

### योमरी .........

युवायुवतीलाई योमरी दिएर खुसी पार्ने परम्परा रहेको छ ।

***कसरी पकाउने योमरी ?***

योमरी बनाउन चामललाई पिठोमा परिणत गरिन्छ । चामललाई नेवार भाषा(नेपाल भाषा)मा पोरुप्प भनिन्छ । चामलको पिठो पोचुं । चुं भन्नु चूर्ण अनुकण । चामल लस्सादार हुनुपर्छ । पहिले तौली चामल (लस्सादार चामल) चाहिन्थ्यो भने अचेल त्यसको ठाउँ ताइचिन चामलले लिएको छ । अत्यन्त मिहिन पिठो शुद्धघिउमा थौरै हरक दिइन्छ । ११० डिग्री तापक्रममा उमालिएको पानीले मुछिन्छ पोचुं । मस्केर मुछिनु पर्छ, मुछिन्छ उस्तै। हावाले प्रत्यक्ष सुस्क पार्नबाट बचाउन सफा मलमल कपडाले छोपिनुपर्छ ।

मुछिएको आलो पिठोलाई आकार दिनुपर्छ । पिठोलाई आकार दिँदा योमरीको रूप बन्छ । योमरी बनाउने काम सिपालु काम हो । सीपविना योमरी बन्दैन । जुन आकारको योमरी तयार गर्नुछ, उत्रै डल्लो पिठो हात पार्नुपर्छ । पिठोको डल्लोलाई चोर औंलाले छेड्नुपर्छ । औंला शुद्ध खानेतेलले रसाइ पिठो छेड्नुपर्छ । औंला घुमाउँदै जाँदा पिठोको डल्लो पातलिँदै जान्छ । पातलो डल्लो फन्डै शंखाकारमा परिणत हुन्छ । बीचमा भन्नै वाइन ग्लासको जस्तै खोक्रो ठाउँ बन्न पुग्छ । त्यसै रित्तो ठाउँमा तिलका पिठो र लेदो चाकुको मिश्रण हालिन्छ। त्यस्तो आकारको योमरीलाई 'बायाँ' भनिन्छ। 'बायाँ' आकार विम्बात्मक छ। 'बायाँ' तान्त्रिकमात्र नभएर शारीरिक अङ्ग बोधक पनि ठहर्छ। प्रशङ्ग्वश बायाँ बाबुको गुप्ताङ्गको विम्बबोधक बन्छ।

योमरीको अर्को आकार त्रिकोणात्मक हुन्छ। त्यसलाई 'मायाँ' भनिन्छ। बनाउने तरिका र प्रविधि एकै हो। त्रिकोण पनि विम्बबोधक बन्छ। मायोभित्र तिलचाकु मिश्रण हालिन्न। त्यसमा पिँधिको मासका बाक्लो लेदो डल्लो भरिन्छ। मासको सट्टा मुगी पनि प्रयुक्त हुन्छ । मुगीफल सबैकालागि उपयुक्त हुन सक्छ। शारीरिक अवस्थालाई सुपाच्य रहन्छ। अन्न र भात खान नहुने अवस्थामा पनि हामी सिङ्गो मुगी बेस्कन पकाएर मुगीसुप पिउँछौं। मायोको तीनकुने आकार तन्त्रमा पुगेर योनि विम्ब बन्छ।

***योमरी पुन्हीसँग सम्बन्धित एउटा ऐतिहासिक कथा***

कुनैबेला मंसिर शुक्ल पूर्णिमाको दिन पाँचल देशका सुचन्द्र महाजन दम्पत्ति कतिको भक्तालु रहेछन् भनि बुझ्न कुवेर दरिद्र रुप धारण गरी उक्त महाजनको घरमा केहि माग्न गएछन् । घरमा दरिद्रि व्यक्ति ढोकामा आएपछि सुचन्द्रकी पत्नीले उनको स्वागत सत्कार गरी मीठा मीठा खानेकुरा दिनुका साथै श्रद्धा गरिछन् । सुचन्द्रकी पत्नीको सत्कार बाट प्रशन्न भई कुवेरले आफ्नो सक्कली रूप देखाइ विशेष ज्ञान र एउटा विमिरो ति महिलालाई दिइ त्यहाँबाट अर्न्तध्यान भए । कुवेरको वचनअनुसार उनले तिलको धुलो र चाकुको फोल मिश्रित पदार्थ राखी चामलको पिठोको (योमरी) रोटी बनाएर त्यही रोटीको कुवेर बनाई अन्नको भकारीभित्र राखिन् । अनि कुवेरले दिएको विमिरोलाई पनि त्यहि विधिपूर्वक स्थापना गरी चार दिनसम्म छोपेर राखी पूजा गरिन् । अनि उनले अन्न, धन र योमरी दान पनि अन्य कमजोर आर्थिक अवस्था भएका गरिब गुरूवा तथा आफ्ना छिमेकीलाई बाँढिछन् । त्यसको प्रभावले सुचन्द्रको घरमा अन्नको अभाव हट्न थाल्यो, धन सम्पत्तिको बृद्धि हुन थाल्यो र आम्दानी पनि बढ्न थालेछ । त्यसैले त्यही बेलादेखि यो दिनमा योमरी बनाएर पर्व मनाउने चलन चलेको मानिन्छ ।

***बजारमा बिक्री हुन थाल्यो यमोरी***

पहिले पहिले योमरी पुन्ही वा धान्य पूर्णिमाको दिन र विशेष अवसरमामात्र पकाएर खाने योमरी हिजोआज भने सजिलै आफूलाई खान मन लागेको बेला किनेर पनि खान सकिन्छ । गैर नेवारहरू माफ पनि लोकप्रिय हुँदै गएको योमरी आजकल विभिन्न रेष्टुरेन्ट अनि होटल एवं खाजाघरमा पनि सजिलै पाउन सकिन्छ ।

### चिया .........

किसानले आफै उद्योग सुरु गरेका थिए । तर, उत्पादित चिया विक्री गर्न नसक्दा किसानको बगानबाट चियापत्ती किन्न छोडेको छ । १५ जना किसानको साझेदारी रहेको यो उद्योगमा अहिले ३ जना किसान मात्रै छन् । अरू किसानहरूले हरियो पत्ति नै उत्पादन गर्दैनन् । सहकारीको लागि खरीद गरेको उद्योग व्यक्तिगत जस्तै सञ्चालन भईरहेको स्थानीय चिया किसान योगमाया पौडेलले बताए ।

दुई वर्ष अगाडिसम्म धनकुटा नगरमा १ सय ५३ रोपनी, चुङवादमा १ सय ३० रोपनी, परेवादिनमा १ सय ३० रोपनी, मुर्तिढुंगामा १ सय २५ रोपनी क्षेत्रमा लगाईएको चिया मासिएको थियो । टी स्टेटले चिया बगान बढाएपनि किसानले चिया रोपेका छैनन् । त्यसैले चिया विस्तार आयोजना हिलेको रेकर्ड पनि केही वर्षदेखि बढेको छैन । धनकुटामा ९ हजार ७ सय रोपनीमा चिया खेति रहेको छ । टी स्टेट र किसानको चिया बगानबाट वार्षिक ७१ हजार ६ सय किलो अर्थोडक्स चिया उत्पादन भएको छ । धनकुटामा ४ सय ८२ जना किसानले चिया खेति गरेका छन् । तर, यो तथ्याङ्क ३ वर्षदेखि परिवर्तन भएको छैन ।

अहिले हरियोपत्तिको मूल्य प्रति किलो ५५ देखि ६० रूपैयाँ छ । एक किलो पत्तिको लागत एकसय रूपैयाँ भन्दा बढी हुने गरेको किसानको भनाई छ । चिया खेति बाट निरास बनिरहेका किसानलाई उर्जा थप्न साना किसान चिया उत्पादक संघले पहल गरिरहेको छ । किसानले नयाँ विरूवा नरोपे पनि पुरानो विरूवा जोगाउन अनुरोध गरिरहेको साना किसान चिया उत्पादक संघका अध्यक्ष ईन्द्र सारु मगरले जानकारी दिए ।

विसं. २०३९ सालमा चिया क्षेत्र घोषित भएको धनकुटामा चियाबाट गएको वर्ष सात करोड आम्दानी गरेका थिए । तर पनि किसानको आकर्षण घट्दो रहेको छ । राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, चिया विस्तार आयोजना हिलेले पनि किसानलाई तालिम र प्राविधिक सहयोग गरे पनि किसानहरूलाई खासै प्रभाव नपरेको कृषि प्राविधिक एकराज सञ्जेलले बताए ।

### मानवअधिकार .........

भएका छन । जसमध्ये गैरराज्य पक्षद्वारा दुई जनाको हत्या र राज्य पक्षद्वारा दुई जनामाथि कुटपिट भएको छ । यस्तै बालअधिकार अर्न्तगत दुई जना बालिकामाथि बलात्कार भएको छ । यस्तै मानव अधिकार उल्लङ्घनमा गैरराज्यपक्षको बढी संलग्नता पाईएको छ । ईन्सेकको तथ्यांक अनुसार सन् २०१५ मा ६७ वटा मानवअधिकार उल्लङ्घनका घटना भएका थिए ।

कार्यक्रममा प्रजिअ प्रेमप्रकाश उप्रेती, कांग्रेस सचिव विजयसन्तोषी राई, एमाले सचिवालय सदस्य टंक चौहान, माओवादी केन्द्रका प्रतिनिधि तिलकप्रसाद राई, प्रहरी नायव उपरीक्षक प्रविणलाल श्रेष्ठ, मानवअधिकारकर्मी विदुर सुवेदी, वार एशोसिएसनका अध्यक्ष अधिवक्ता आनन्दसन्तोषी राई, राप्रपाका बुद्धीकान्त घिमिरे, महिला विकास अधिकृत मञ्जु लोहनी, पत्रकार महासंघका अध्यक्ष खगेन्द्र घिमिरे, महिला अधिकारकर्मी कोपिला शकर लगायतले यस्ता उल्लङ्घनका घटना न्यूनिकरणका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिएका छन ।

### जनचाहनाविपरित.......

लाग्नुपर्ने बताए ।

प्रेस युनियनका संस्थापकसमेत रहेका पराजुलीले पत्रकारहरूको पेशागत र भौतिक सुरक्षामासमेत सरकार संवेदनशील नभएको आरोप लगाए । सो अवसरमा कांग्रेस जिल्ला सचिव विजयसन्तोषी राई र युनियनका अध्यक्ष यानिन्द्र तिगेलाले पराजुलीलाई खादा ओढाएर सम्मान व्यक्त गरेका थिए ।

**तपाई कुनै लेख, रचना तथा विचार प्रकाशन गर्न newsdhankuta@gmail मा पठाउनु हुन अनुरोध छ ।**



**लटरम्म फलेका धनकुटाका चर्चित सुन्तला** : एशियाकै स्वादिलो भनेर चर्चित धनकुटा खाल्सा क्षेत्रअन्तर्गत खोकुका कृषकका बारीमा लटरम्म फलेका सुन्तला। तस्वीर : विजयशेखर श्रेष्ठ

# चियाकृषकहरू चिया बोट उखेल्दै

धनकुटा । २३ वर्ष अगाडि चिया खेतिमा भविष्य देखेका धनकुटा नगरपालिका वडा नं. १० का चन्द्रलाल तामाङ यतिवेला हुर्किएको चियाका बोट उखेल्ने तरखरमा छन् । अहिले चिया खेतीमा आम्दानी भन्दा खर्च धेरै हुन थाल्यो । ६० रोपनीमा लगाएको चिया बगान मध्ये ३० रोपनीको बगान मास्ने योजना बनाएको तामाङले सुनाए ।

दुई वर्ष अगाडि चिया र अलैची खेतीबाट उत्कृष्ट राष्ट्रपति पुरस्कार जितेका तामाङको चिया बगानबाट एक देखि हरियो पत्ति टिपेको छैन । पहिले टी स्टेटका मजदुरले हरियो पत्ति टिपेर लैजान्थे । त्यतिबेला तीनलाख सम्म आम्दानी हुन्थ्यो । अहिले टी स्टेटमा पनि मजदुर छैनन् । गाउँका मजदुर लाई दिने ज्याला भन्दा चिया पत्तिको मूल्य कम भएकाले हरियो पत्ति टिप्न छाडेको तामाङले बताए । चियापत्ति टिप्न छाडेपछि चियाबगान जंगलमा परिणत हुँदै गएको छ ।

चिया खेतीमा गतिलो आम्दानी देखेका किसानहरू अहिले निरास बन्दै गएका छन् । अर्गानिक चिया उत्पादन गर्ने अभियान सुरू भएपछि हरियो पत्तिको मुना थोरै आउने, चिया पत्तिको मूल्य भन्दा मजदुर को ज्याला धेरै पर्नु र उत्पादित अर्थोडक्स चियाको बजारीकरण समस्या भएकाले अहिले चिया कृषक मारमा परेका छन् । त्यसैले चिया खेती गर्ने किसान घटिरहेको पाख्रिवास नगरपालिका वडा नं. १३ का गोविन्द थापाले बताए ।

उद्योगहरूले पर्याप्त मूल्य नदिएपछि राम्चेमा स्थानीय

..................बाँकी ५ पेजमा

# प्राविधिक तर्फका विद्यालयका शिक्षकहरुको भेला सम्पन्न

धनकुटा । व्यावसायिक शिक्षाको माग उच्च भएको बेला प्राविधिक शिक्षा सञ्चालन भएका सामुदायिक विद्यालयका शिक्षकहरूको भेला सम्पन्न भएको छ । प्राविधिक शिक्षा व्यावसायिक शिक्षाको माग उच्च भए पनि महङ्गो भएका कारण सर्वसाधारणको पहुँचमा नभएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीइभीटी) का उपाध्यक्ष डा.कुलबहादुर बस्नेतले बताए । सरकारी लगानी सदुपयोग एवं दक्ष जनशक्ति उत्पादन गर्न सामूदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्न अहिले आवश्यक रहेको बताए ।

मुलुकका विभिन्न क्षेत्रमा सञ्चालित परीक्षा अभिमुखीकरण तथा समीक्षा गोष्ठीमा पूर्वाञ्चल र मध्यमाञ्चलका ३८ विद्यालयका प्राधानाध्यापक एवं शिक्षकहरूको सहभागिता रहेको थियो । दुई दिनसम्म सञ्चालित सो गोष्ठीको उद्घाटनमा प्राविधिक शिक्षाको विकास नभई मुलुकको विकास सम्भव नभएको चर्चा गर्दै प्राविधिक शिक्षाकै अभावका कारण मुलुकबाट धेरै पैसा विदेशिएका छन् । सोहि कारण प्राविधिक शिक्षाको नीति बनाएर तत्काल कार्यान्वयन थाल्नु पर्ने प्रमुख जिल्ला अधिकारी प्रेम प्रकाश उप्रेतीले बताए ।

समाजमा श्रमको सम्मान गर्ने वातावरण नभएसम्म मुलुक आर्थिक रूपमा कमजोर हुने वक्ताहरूले विचार राखेका थिए । जाल्पादेवी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामबहादुर गुरूङ्को अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा, क्षेत्रीय शिक्षा निर्देशनालयका निमित्त निर्देशक रमेशबहादुर दाहाल, जिल्ला शिक्षा अधिकारी रामबहादुर थापा लगायतकाले प्राविधिक शिक्षाको आवश्यकताका वारेमा मन्तव्य दिएका थिए । सामुदायिक विद्यालयको खस्कदो अवस्थामा निजी विद्यालय आर्कषण भएको बेला प्राविधिक धारको शिक्षाले आर्कषण दिनसक्ने अवस्था रहेको तर्फ नीति निर्माणकर्ताहरू लागि पर्नुपर्नेमा सहभागीहरूले जोड दिएकाछन् ।

# चुङमाङबाट भरुवा बन्दुक सहित तामाङलाई पक्राउ

धनकुटा । चुङमाङबाट भरूवा बन्दुकसहित एक जनालाई प्रहरी ले पक्राउ गरेको छ ।

चुङवाङ गाविस वडा नं. ६ का ३५ वर्षिय रामलाल तामाङलाई एक थान भरूवा बन्दुकसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

विशेष सूचनाको आधारमा हिले प्रहरी चौकीबाट गएको प्रहरी टोलीले तामाङको घरबाट भरूवा बन्दुक बरामद गरिएको प्रहरीले जानकारी दिए ।

पक्राउ परेका तामाङविरूद्ध गत शुक्रवार जिल्ला अदालतमा हात हतियार तथा खरखजना सम्बन्धी मुद्धा दायर गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रविणलाल श्रेष्ठले जानकारी दिए ।

# मानवअधिकार उल्लंघन ५२ वटा

धनकुटा । धनकुटामा गत ११ महिनाको अवधिमा ५२ वटा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना भएको हालै आयोजित कार्यक्रममा सार्वजनिक गरिएको छ । सार्वजानिक गरिएको मानव अधिकार वर्ष पुस्तक २०१७ का लागी ईन्सेकले तयार गरेको वार्षिक प्रतिवेदनमा यस्तो पाईएको हो ।

ईन्सेकले प्रतिवेदन सार्वजनिक को पूर्व समीक्षा कार्यक्रम गरी सन् २०१६ को जनवरीदेखि नोभेम्बर महिनासम्मको अवधिमा जिल्लामा ५२ वटा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटना भएको जनाएको छ ।

उक्त अवधिमा सबैभन्दा बढी महिलाविरूद्ध हुने सबै किसिमका भेद्भाव उन्मुलन अर्न्तगत एक जना महिला माथि दुर्व्यवहार र ४६ जना महिला घरेलु हिंसाबाट पीडित भएको ईन्सेक प्रतिनिधि सन्तोष रूचालले जानकारी दिए ।

त्यस्तैगरी राजनीतिक तथा नागरिक अधिकार अर्न्तगत सम्मानित रूपमा बाँच्न पाउने अधिकार उल्लङ्घनका ३ वटा घटना

..................बाँकी ५ पेजमा


## धनकुटा जिल्लावासीलाई अनुरोध

- घर घरमा बनेका चर्पी प्रयोग गरौं।
- खाने पानी उमालेर मात्र पिउने वानी बसालौं।
- पिउने पानी छोपेर राखौं।
- झाडा पखाला, रुघाखोकी, ज्वरो टाढा भगाऔं।
- सबै स्वस्थ्य र निरोगी बनौं।
- धनकुटा जिल्लालाई पूर्ण सरसफाईयुक्त जिल्ला बनाउन हामी सबै लागौं।

**जिल्ला विकास समितिको कार्यालय, धनकुटा**

## समयमै एच.आई.भी. परीक्षण गरी ढुक्क हुनुहोस्।

एच.आई.भी.बाट बच्ने उपायहरु :

- श्रीमान् श्रीमति बिचमात्र यौनसम्पर्क गरौं।
- अन्य सँग यौनसम्पर्क गर्नु परे कण्डमको प्रयोग गरौं।
- संक्रमित व्यक्तिले प्रयोग गरेको औजार, उपकरण प्रयोग नगर्ने।
- एच.आई.भी. परीक्षण गरेको रगत लिनेदिने गरौं।
- एच.आई.भी. संक्रमित आमा गर्भवति भएमा नजिकको स्वास्थ्य संस्थामा गई परामर्श लिउँ।
- त्यसैले, एच.आई.भी को नयाँ संक्रमण, भेद्भाव र एड्सबाट हुने मृत्युलाई शुन्यमा पुऱ्याऔं।

**जिल्ला स्वास्थ्य कार्यालय, धनकुटा**

## डिभिजन सडक कार्यालय
## धनकुटाको अनुरोध

सडक हामी सबैको साझा सम्पति हो । यसको संरक्षण एवं सम्बर्दन गर्नु हामी सबैको साझा दायित्व हो । त्यसैले यस डिभिजन कार्यालय अन्तर्गतको विभिन्न सडक खण्डहरुमा आनाधिकृत रुपमा सडक सिमा अतिक्रमण गरी घर, टहरा निर्माण गर्ने, होडिङ्ग वोर्ड राख्ने, निर्माण सामग्रीहरु सडकमा थुपार्ने, सडक नाली पुरी बाटो बनाउने तथा ढल मिसाउने एवं फोहोर फाल्ने, सडक क्षमता भन्दा बढी भार बहन गर्ने आदि कार्यका कारण सडक संरचना तथा आवागमनमा प्रतिकुल असर पर्नुका साथै सडक दुर्घटनाहरु समेत हुने हुनाले माथि उल्लेखित क्रियाकलापहरु नगर्न नगराउनु हुन सम्बन्धित सबैमा अनुरोध गर्दछौं । अन्यथा, अटेर गरेमा सडक ऐन २०३१ अनुसार कार्वाही गरिने व्यहोरासमेत सबैमा जानकारी गराउँछौ ।






ग्यारेन्टेड ओ.पी.सी. उपहार होईन गुणस्तर, सस्तो होईन मजवुत, विदेशी होईन स्वदेशी सिमेन्ट

निगाले सिमेन्ट

● सम्पूर्ण उपभोक्ता महानुभावहरू :

आधुनिक प्रविधि, दक्ष, अनुभवी, प्राविधिक टोली, उच्च गुणस्तरीय स्वदेशी चुनढुंगाको सम्मिश्रणबाट उत्पादित मजबुत, बलियो उच्च गुणस्तरीय सिमेन्ट नै हो **ओ.पि.सी निगाले सिमेन्ट** ।

निगाले सिमेन्टस् प्रा.लि. सिधुवा, धनकुटा, नेपाल (सम्पर्क:- ०२६-४०४०८५/४०४०८६


प्रमुख व्यवस्थापक: योगेश्वर श्रेष्ठ, प्रमुख समाचारदाता:-विदुर खवास, समाचारदाता:- कविराज घिमिरे, टेकेन्द्र ओझा, कार्टुन स्केज:- उमेशचन्द्र अधिकारी, सहयोगी:- नवीन राई, सुष्मा लम्जेल र जयन्द्र प्रधान, फोटोपत्रकार: विजयशेखर श्रेष्ठ, बजार व्यवस्थापक: मेघराज खतिवडा, कम्प्युटर:-साप्ताहिक डेस्कटप